आज मिति २०८२ साल असार ०८ गते आईतबार नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको ४८ (अठ्चालीसौं) बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका उपस्थितमा बसी देहाय बमोजिमको निर्णय गरीयो।

## उपस्थिति

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा

३. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

४. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

५. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

६. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

७. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

८. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

९. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

१०. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

११. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१२. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१३. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१४. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१५. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१६. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान

१७. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ

१८. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ

१९. नगर कार्यपालिका सदस्य : श्री शुसिला परियार

२०. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२१. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली

२२. सचिव एवं प्रमुख प्रशासकीय अधिकृत: श्री कृष्ण गिरी

**निर्णयार्थ पेश भएका विषयहरुः**

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।

२. नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको सातौं अधिवेशन (बजेट अधिवेशन) को पहिलो बैठकमा पेश गर्ने प्रस्तावहरु सम्बन्धमा।

३. विविध।

**निर्णयहरुः**

**निर्णय नम्बर १:**

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो।

**निर्णय नम्बर २:**

नमोबुद्ध नगरपलिकाको दोश्रो नगर सभाको सातौं अधिवेशन (बजेट अधिवेशन) को पहिलो बैठकमा पेश गर्ने प्रस्तावहरुः

१. लोकतन्त्र र प्रजातन्त्र प्रासिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्ने।

२. नमोबुद्ध नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम स्वीकृत गरी नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूबाट दोश्रो नगर सभाको सातौं अधिवेशनको पहिलो बैठकमा पेश गर्ने।

३. नमोबुद्ध नगरपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को हाल सम्मको वित्तीय प्रगति प्रतिवेदन स्वीकृत गरी प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण गिरीज्यूबाट दोश्रो नगर सभाको सातौं अधिवेशनको पहिलो बैठकमा पेश गर्ने।

४. नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बनेको आर्थिक विधेयक,२०८२ स्वीकृत गरी सार्वजनिक लेखा समितिका संयोजक तथा वडा अध्यक्ष श्री कृष्ण बहादुर तामाङज्यूबाट दोश्रो नगर सभाको सातौं अधिवेशनको पहिलो बैठकमा पेश गर्ने।

५. नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बनेको विनियोजन विधेयक,२०८२ स्वीकृत गरी विधायन समितिका सदस्य तथा वडा अध्यक्ष श्री विर बहादुर लामाज्यूबाट दोश्रो नगर सभाको सातौं अधिवेशनको पहिलो बैठकमा पेश गर्ने।

६. नमोबुद्ध नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम (बजेट वक्तव्य) स्वीकृत गरी नगर उप-प्रमुख श्री रत्न बहादुर लामाज्यूबाट दोश्रो नगर सभाको सातौं अधिवेशनको पाहिलो बैठकमा पेश गर्ने।

७. महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखा परिक्षण भई नमोबुद्ध नगरपालिकालाई प्राप्त भएको प्रतिवेदन माथि छलफल गरी सार्वजनिक लेखा समितिबाट पेश भएको नियमित गर्नुपर्ने बेरुजुलाई नियमानुसार नियमित गरी फछ्र्यौट गर्नका लागि सार्वजनिक लेखा समितिका संयोजक तथा वडा अध्यक्ष श्री कृष्ण बहादुर तामाङज्यूहरु दोश्रो नगर सभाको सातौं अधिवेशनमा पेश गर्ने।

८. नमोबुद्ध नगरपालिकाका नगर उप-प्रमुख तथा न्यायिक समितिका संयोजक श्री रत्न बहादुर लामाज्यूलाई न्यायिक समितिको प्रतिवेदन छलफलका लागि दोश्रो नगर सभाको सातौं अधिवेशनको पहिलो बैठकमा पेश गर्ने।

९. दोश्रो नगर सभाको सातौं अधिवेशन (बजेट अधिवेशन) को दोश्रो बैठक मिति २०८१ असार १६ गते सोमबार ११:०० बजे गर्ने।